श्री
# रौतहट जिल्ला अदालत
गौर
[प्रशासन शाखा]

Email:
admin.dcrautahat@supremecourt.gov.np
info.dcrautahat@supremecourt.gov.np

०५५-५२०१०१(चेम्बर)
०५५-५२०११२(स्रेस्तेदार)
०५५-५२१५६८(प्रशासन)

कृप्या पत्रोत्तरमा प्राप्त पत्र संख्या, च.नं., मिति र खाममा शाखा उल्लेख गर्नु होला।

पत्र संख्या :- ०८०/०८१
प्राप्त पत्र संख्या र मिति :-
चलानी नं. :-०८०-५२-००

मिति :- २०८०।११।२१ गते
ने.सं.११४४ सिल्लागा, ९ सोमबार

सूचना !　　　　सूचना !!　　　　सूचना !!!

विषयः-समाजसेवी, बालमनोविज्ञ वा बाल विशेषज्ञ नियुक्ति सम्बन्धी सूचना ।

उपरोक्त सम्बन्धमा यस अदालतको बाल इजलासमा समाजसेवी, बालमनोविज्ञ वा बाल विशेषज्ञको रुपमा काम गर्न इच्छुक देहायका योग्यता पुगेका बाल न्याय सम्पादन(कार्यविधी) नियमावली, २०७६ को नियम १३ अनुसार समाजसेवी र नियम १४ अनुसार बाल मनोविज्ञ वा बाल विशेषज्ञको रुपमा सूचिकृत भएका नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले ३०(तीस) दिन भित्र यस अदालतमा आवश्यक योग्यताका प्रमाणपत्रको प्रतिलिपिका साथ निवेदन दिनु हुन ऐ.को नियम १५(१) बमोजिम यो सूचना प्रकाशित गरिएको छ।

आवश्यक योग्यता:

•समाजसेवीका लागि:- सम्बन्धित जिल्लामा बसोवास भै मान्यता प्राप्त विश्वविद्यालयबाट सामाजिक कार्य, बालविकास वा बाल अधिकारको विषय लिई कम्तीमा स्नातक तह वा सो सरहको उपाधी प्राप्त गरेको वा मान्यता प्राप्त गरको वा मान्यता प्राप्त विश्वविद्यालयबाट कुनै विषयमा कम्तिमा स्नातक तह वा सो सरहको उपाधी प्राप्त गरी बाल अधिकार वा समाज सेवाका सम्बन्धमा कम्तिमा एक महिनाको तालिम प्राप्त गरेको र फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको।

•बाल मनोविज्ञ वा बाल विशेषज्ञको लागि: सम्बन्धित जिल्लामा बसोवास भै मान्यता प्राप्त विश्व विद्यालयबाट मनोविज्ञान विषय लिई कम्तीमा स्नातक तह वा सो सरहको उपाधी प्राप्त गरेको वा मान्यता प्राप्त विश्वविद्यालयबाट कुनै विषयमा कम्तिमा स्नातक तह वा सो सरहको उपाधी प्राप्त गरी बाल अधिकार वा मनोविज्ञानका सम्बन्धमा कम्तिमा २ महिनाको तालिम प्राप्त गरेको र फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको।

उद्धव ढोडारी
(स्रेस्तेदार/उपसचिव)

निवेदनसाथ पेस गर्नु पर्ने कागजातहरु:

१. शैक्षिक योग्यता
२. तालिम
३. बालबालिका सम्बन्धी ऐन,२०७५ को दफा ६२ बमोजिम समाजसेवी, बालमनोविज्ञ वा बाल विशेषज्ञको रुपमा सुचिकृत भएको प्रमाण-पत्र।
४. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि।